सूचना

२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू :

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

कालो पोशाकमा महिलाको प्रदर्शन

पृष्ठ ४ मा

वर्ष-१२ ।। अङ्क : १९० ।। २०७७ कार्तिक २३ गते आइतबार (8th Oct. 2020, Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

बिर्तामोडका महिलाले उत्पादन गरेको फूल बजारमा

❖मनिषा चम्लागाईं /झापा

नेपालीहरुको दोस्रो ठूलो चाड तिहार शुरु हुन एक हप्ता बाँकी छ । तिहारलाई फूलै-फूलको पर्व पनि भन्ने गरिन्छ । तिहारमा सयपत्री फूलको महत्व विशेष छ । तिहारलाई लक्षित गरी झापा बिर्तामोडका महिलाले एक विगाह क्षेत्रफलमा लगाएको सयपत्री फूल यतिबेला ढकमक्क फूलेको छ । तिहारमा सयपत्री फूलको माग बढ्ने हुँदा विगत ३ वर्षदेखि बिर्तामोडका महिलाहरुले सामुहिक फूल खेती गर्दै आइरहेका छन् ।

हरेक वर्ष नेपाली बजारमा भारतको फूलले राम्रो पकड जमाउँदै आएको छ । तर, यसवर्ष कोरोना कहरका कारण स्वदेशमै उत्पादित फूलले राम्रो बजार पाउने उनीहरु बताउँछन् । बिर्तामोड-४ मा १ विगाह जग्गा भाडामा लिएर सयपत्री फूल लगाएको समुहकी गोमा भट्टराईले बताइन् । "हामीलाई फूलको माग आउन थालिसकेको छ" भट्टराईले भनिन्, "विश्वभरि फैलिएको कोरोना भाइरसका कारण यसअघि फूलले बजार नपाए पनि यो तिहारमा भने फूलले राम्रो बजार पाउने देखिएको छ ।" आफूहरुले उत्पादन गरेको फूल स्वदेशी तथा अर्गानिक भएकाले ग्राहकको रोजाइमा पर्ने उनीहरुको विश्वास छ । यस वर्ष तिहार ढिलो भएकाले कतिपय नेपाली कृषकले लगाएको फूल पहिले नै फूलिसकेको भएपनि उनीहरुले लगाएको फूल भने तिहारमा तयार हुने देखिन्छ ।

बिर्तामोडका महिलाले फूल खेतीसम्बन्धी तालिम लिएरै काम सुरु गरेका हुन् । आधुनिक प्रवृतिको ड्याङ बनाएर आफैंले उमारेको बिरुवा उनीहरुले रोपेका हुन् । यस वर्ष उनीहरुले नर्सरीबाट ३० हजार विरुवासमेत बिक्री गरिएको समूहकी नैनकला भट्टराईले बताइन् । उनीहरुले २० हजार बिरुवा लगाएका

❖बाँकी अन्तिम पृष्ठमा

झापामा थपिए ७५ संक्रमित

बिर्तामोड (प्रस) । झापामा शनिबार एकैदिन ७५ जना कोरोना संक्रमित थपिएका छन् । थपिनेमा २३ महिला र ५२ जना पुरुष रहेका छन् । थपिएका संक्रमितमध्ये सबैभन्दा बढी २७ जना दमक नगरपालिकाका छन् । दमकमा ६ महिला र २१ पुरुषमा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । त्यस्तै, बिर्तामोडका ४ महिला र १० पुरुष गरी १४ जना संक्रमित थपिएका छन् । कोरोना संक्रमणबाट एकैदिन दुईजनाको मृत्यु भएको बिर्तामोडमा

शनिबार १४ जना संक्रमित थपिएका छन् । संक्रमितमध्ये तीन स्वास्थ्यकर्मी हुन् । उनीहरु निजी अस्पतालका स्वास्थ्यकर्मी भएको जनाइएको छ । योसँगै बिर्तामोडमा कोरोना संक्रमितको सँख्या ४३१ पुगेको छ । कोरोना संक्रमणबाट बिर्तामोडमा एक बृद्ध र एक महिलाको शुक्रबार राति मृत्यु भएको हो । बिर्तामोड ६ की ४२ वर्षिया सुष्मा रेग्मी र वडा नं ४ का ८५ वर्षिय श्रीकृष्ण चुडालको मृत्यु भएको हो । योसँगै बिर्तामोडमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ९ पुगेको छ । यसैगरी भद्रपुर नगरपालिकामा ४ महिला र ९ पुरुष, कमल गाउँपालिकामा ४ महिला २ पुरुष, कनकाईमा ५ पुरुष, शिवसताक्षी र बुद्धशान्तिमा १-१ महिला र १-१ जना पुरुषमा संक्रमण पुष्टि भएको छ ।यस्तै, मेचीनगरमा ३ पुरुष, अर्जुनधारा र बाह्रदशीमा १-१ महिलामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

नयाँमिलन बचत तथा ऋण सहकारी संस्था लि. को शेयर धनी सदस्यहरूमा

चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणिय शेयरधनि महानुभावहरु,
उपरोक्त सम्बन्धमा यस नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०७७/०७/१६ गते आईतबारका दिन बसेको संचालक समितिको वैठकको निर्णय साथै सहकारी विभागको सहकारी संस्थाको साधारण सभा सम्बन्धि जारि गरेको सुचना अनुसार तथा विश्वइवापि महामारी कोभिड-१९ लाई मध्यनजर गर्दै सामाजिक दुरी कायम गर्दै ६ दिन सम्म वार्षिक साधारण सभा कार्यक्रम गर्नुपर्ने भएकोले संस्थाको चौथो वार्षिक साधारण सभा निम्न लिखित तालिका सहितको समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

साधारण सभा बस्ने मिति र स्थान **सभा सुरु हुने समय: बिहान १०:00 बजेदेखि 08:00 बजेसम्म**

क्र.सं.	मिति	विवरण	स्थान
१	२०७७-७-१०	बिर्तामोड वार्ड नं. १, वार्ड नं. २ र अर्जुनधारा बसपार्क एरियाका शेयर सदस्यहरु	कार्यालय भवन, बिर्तामोड ४ खइका कम्प्लेक्स
२	२०७७-७-११	बिर्तामोड वार्ड नं. ६ र ४ का शेयर सदस्यहरु	
३	२०७७-७-१२	बिर्तामोड वार्ड नं. ७ र ५ का शेयर सदस्यहरु	
४	२०७७-७-१३	बिर्तामोड वार्ड नं. ८ र ४ का शेयर सदस्यहरु	
५	२०७७-७-१४	बिर्तामोड वार्ड नं. ९ र ५ का शेयर सदस्यहरु	
६	२०७७-७-१५	बिर्तामोड वार्ड नं. ३ र छुटेका बाँकी सम्पूर्ण क्षेत्रका शेयर सदस्यहरु	

छलफलका विषयहरू:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्ने प्रतिवेदन माथि छलफल गारि पारित गर्ने सम्बन्धमा
२. संस्थाको आ.व. २०७६/०७७ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गारि पारित गर्ने सम्बन्धमा
३. संस्थाका आ.व. २०७६/२०७७ को लेखा समितिको प्रतिवेदन प्रस्तुत एवं छलफल गारि पारित गर्ने सम्बन्धमा
४. चालु आ.व. २०७७/०७८ को निति, कार्यक्रम, बजेट माथि छलफल गारि पारित गर्ने सम्बन्धमा
५. चालु आ.व. २०७७/०७८ को लागि लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा
६. जग्गा खरिद सम्बन्धमा
७. शेयर सदस्यज्यूहरुलाई लाभांस वितरण गर्ने सम्बन्धमा
८. कर्मचारि बोनस वितरण सम्बन्धमा
९. साधारण सभाको निर्णय पुस्तिकामा सहि गारि निर्णय गर्नको लागी सञ्चालक समितिको तर्फबाट ५ जना र शेयर सदस्यको तर्फबाट ५ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा
१०. उपयुक्त संस्था संग मर्ज (एकिकरण) गर्ने सम्बन्धमा
११ निति तथा कार्यविधि संशोधन तथा पारित गर्ने सम्बन्धमा
१२. सञ्चालक समिति को निर्णय बमोजिम शेयर सदस्यहरुलाई कोभिड-१९ को कारण लकडाउन भएको बखतमा कर्जा ब्याजमा दिएको ब्याज छुट खर्च अनुमोदन सम्बन्धमा
१३. सेवा केन्द्र विस्तार सम्बन्धमा
१४. विविध

नोट:
१. प्रतिवेदन माथि, छलफल गर्नका लागी आफ्ना अमुल्य सुझावहरु मिति २०७७ साल कार्तिक १५ गते भित्रमा कार्यालयमा बुझाइदिनुहुन अनुरोध छ ।
२. स्वयम उपस्थित भई उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्ने सदस्य महानुभावहरुलाई परिवहन खर्चको व्यवस्था गारिएको छ ।
३. पासबुक साथै लिई सुरक्षाका मापदण्ड अपनाई उपस्थितिका लागि अनुरोध छ ।

सुमित्रा रेग्मी
व्यवस्थापक
संचालक समितिको आज्ञाले

भक्काको सिजन

❖सन्तोष अग्रवाल

बाह्रै महिना बिक्री हुने भक्काको व्यवसाय जाडोको शुरुवातसँगै फस्टाउँदै गएको छ । अरु समय केही ठाउँमा मात्र पाइने भक्का यतिबेला झापाका प्रायः सबै ठाउँतिर पाईन्छ । जाडो मौसममा तातो भक्काको स्वाद लिने नचाहेको पारखी कमै होलान् । सडकको पेटी र चोकमा थापिएका भक्का पसलको वरिपरि भक्का किन्नेको भीड देखिन्छ । बिर्तामोडको सडक र चोकहरुमा बिहानपख भक्का बिक्री गर्ने निकै भेटिन्छन् । तर, पनि पालो नबसिकन तातो भक्का पाउन गाह्रो छः । बिर्ताबजारकी शेषवती राजवंशीलाई भ्याईनभ्याई हुन्छ । बिगत ३८ वर्षदेखि उनले भक्का बेच्दै आएकी छिन् । दिनभरि १५ किलो सम्मको पिठोको भक्का बेच्छिन् उनी । जसबाट उनलाई ५ हजार रुपैयाँ जति आम्दानी हुन्छ । बिर्तामोड - ४ की ५५ वर्षीया शेषवती भन्छिन् , 'यसैबाट घरपरिवार पाल्नुका साथै अलिकति जग्गा पनि जोडको छु ।' बिर्तामोड ३ सैनिकमोडकी ५० बर्षिया पूर्णिमा राजवंशीले पनि भक्का बेच्न थालेको २३ बर्ष भइसक्यो । भक्काकै भरमा उनले जीवनयापन गर्दै आएकी छिन् । 'नहुँदा

❖बाँकी अन्तिम पृष्ठमा

कोरोनाबाट एकैदिन तीन महिलासहित ४ को मृत्यु

झापा (प्रस) । कोरोना संक्रमणबाट लगातार मृत्यु हुने क्रममा झापामा थप चारजना कोरोना संक्रमितको मृत्यु भएको छ ।

जिल्लामा २४ घण्टाभित्र तीन महिला र एक बृद्धको मृत्यु भएको हो । शुक्रबार राति निधन भएका बिर्तामोड ४ का एक बृद्धलाई मृत्युपछि संक्रमण पुष्टि भएको छ । बिर्तामोड ४ निवासी ८५ वर्षका श्रीकृष्ण चुडालको शुक्रबार राति ११.४५ बजे आफ्नै घरमा मृत्यु भएको हो । उनको शुक्रबार कनकाईको कोटीहोम ल्यावमा पिसिआर परीक्षण गरिएको थियो । मृत्युपछि उनको शनिबार बिहान आएको रिपोर्टले पोजिटिभ देखाएको छ । त्यस्तै शुक्रबार राति नै बिर्तामोडकी एक महिलाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । बिर्तामोड वडा नं ६ की ४२ वर्षिया सुष्मा रेग्मीको उपचारका क्रममा विराटनगरको नोवेल हस्पिटलमा मृत्यु भएको हो । उनको राति ११ बजे मृत्यु भएको बिर्तामोड ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाले बताए । दुवैको शवग नेपाली सेनाले कनकाई माईमा अन्त्येष्टि गरेको छ ।

त्यस्तै शिवसताक्षीकी कोरोना संक्रमित एक युवतीको मृत्यु भएको छ । शिवसताक्षी नगरपालिका वडा नं ६ की २५ वर्षीया युवतीको विराटनगरस्थित नोबेल हस्पिटलमै शुक्रबार राति उपचारका क्रममा मृत्यु भएको नगरपालिकाका प्रवक्ता नवीन इजमले बताए । सतासी पोलिक्लिनिकमा ल्याब टेक्निसियनको रुपमा कार्यरत सिर्जना काफ्लेलाई दमकको लाइफलाइन हस्पिटलमा भर्ना गरिएको थियो । त्यहाँ संभव नभएपछि विराटनगर लगिएको जनाइएको

❖बाँकी तेस्रो पृष्ठमा

माता पाथिभरा फर्निचर

बिर्तामोड-५, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

प्रो. देवी दंगाल ☎ 9841351368, 9806035571



थ्री पिस दराज
बक्स पलङ
टु पिस दराज
सोफा सेटहरु

लगायत घरायसी सजावटका सम्पुर्ण फर्निचरका सामानहरु ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

सचिवालय बैठक बोलाउन ओलीलाई लिखित पत्र

झापा (प्रस) । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का शीर्ष पाँच नेताले पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओलीसँग भेटवार्ता गरेका छन् । कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सहित सचिवालयका पाँच नेताले बालुवाटार पुगेर प्रधानमन्त्री ओलीसँग भेट गरेका हुन् ।

भेटमा नेताहरुले अध्यक्ष एवम् प्रधानमन्त्री ओलीलाई सचिवालय बैठक बोलाउन लिखित पत्र बुझाएका छन् । सचिवालय बैठक बोलाउनुपर्नेसँगै पत्रमा पछिल्ला दिनमा पार्टीभित्र देखिएका विवाद र सरकारले गरेका कामको समीक्षा हुनुपर्ने माग गरिएको छ ।

कार्यकारी अध्यक्ष प्रचण्डसहित ओलीलाई पत्र बुझाउन वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधव नेपालसँगै उपाध्यक्ष वामदेव गौतम र प्रवक्ता नारायणकाजी श्रेष्ठ बालुवाटार पुगेका थिए ।

नेताहरुसँगको भेटमा ओलीले बैठक बोलाउने आश्वासन दिएको बालुवाटार स्रोतले जानकारी दिएको छ ।

शुक्रबार नेकपा बहुमत सचिवालय सदस्यको अनौपचारिक बैठक धुम्बाराहीमा बसेको थियो । सचिवालय बैठक बोलाउन कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्का अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओलीलाई पटकपटक आग्रह गरे पनि सहमति नभएपछि प्रचण्डले शुक्रबार सचिवालयको अनौपचारिक बैठक बोलाएका थिए ।

धुम्बाराही बैठकमा अध्यक्ष प्रचण्डसहित शीर्ष पाँच नेता सहभागी थिए । अध्यक्ष ओलीले बैठक उपस्थित नहुने जानकारी गराएका थिए भने अन्य तीन सचिवालय सदस्य बैठकमा सहभागी थिएनन् ।

धुम्बाराही छलफलमा सहभागी नभएका महासचिव विष्णु पौडेल र उपप्रधानमन्त्री ईश्वर पोखरेल र गृहमन्त्रीसमेत रहेका रामबहादुर थापा 'बादल' सिंहदरबारको छुट्टै छलफलमा सहभागी थिए ।

धुम्बाराहीमा भएको बैठकमा प्रचण्डले अध्यक्ष ओलीले बिना सहमति औपचारिक बैठक बोलाए पार्टी फुटको बिन्दु त्यही हुने भन्दै चेतावनी दिएको 'ब्रिफिङ' गरेका थिए ।

सचिवालय सदस्यको अनौपचारिक बैठकले पार्टीभित्र पछिल्ला दिनमा देखिएका समस्या समाधानका लागि सचिवालय बैठक बोलाउन अध्यक्ष ओलीलाई सामूहिक रुपमा आग्रह गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार पाँच नेता शनिबार बालुवाटार पुगेका हुन् ।

कार्यकारी अध्यक्षले नै औपचारिक बैठक बोलाउन सक्ने भए पनि सहमतिका आधारमा अगाडि बढ्न अध्यक्ष ओलीलाई सामूहिक आग्रह गर्न नेता बालुवाटार पुगेका हुन् । पार्टीभित्र देखिएको संकट समाधान गर्ने, सकारात्मक ढंगले पार्टीलाई अगाडि बढाउने, अहिलेसम्मको कामको समीक्षा गर्ने, पार्टी निर्णयको कार्यान्वयन गर्ने र पार्टीलाई एकताबद्ध गरेर अगाडि बढाउन आवश्यक कदम चाल्नका लागि छिटो बैठक बोलाउन पत्रमा अनुरोध गरिएको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

बिहीबार बालुवाटारमा प्रधानमन्त्रीसँगको भेटमा प्रचण्डले सचिवालय बैठक बोलाउनुपर्ने बताउँदा प्रधानमन्त्री ओलीले भने बैठक जरूरी नभएको बताएका थिए।

अहिले पार्टी बैठक बोलाउने र भदौ २६ मा स्थायी समितिले गरेको निर्णय कार्यान्वयन गर्ने विषय मात्रै आफूहरूले उठाए पनि राजीनामाको उठ्दै नउठेको विषय किन उठाएको भन्दै दाहालले ओलीसँग आपत्ति जनाएका थिए ।पार्टीको निर्णय र सहमतिको उलंघन गर्दै प्रधानमन्त्री ओलीले आफूखुसी राजदूत नियुक्तिको सिफारिस गरेको, मन्त्रिपरिषद् पुनर्गठनमा पार्टीभित्र कुनै परामर्श नगरेको, कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न उक्साएको, सीमा लगायत विषयमा संवाद ठप्प भएका बेला भारतको गुप्तर संस्था 'रअ' प्रमुख सामन्तकुमार गोयललाई भेटेर त्यसलाई उपलब्धिका रुपमा प्रचार गरेको र पर्सामा पूर्वमाओवादी पृष्ठभूमिका मुकेश चौरसियाको हत्या हुँदा दोषीलाई कारबाही नगर्न दबाब दिएको आरोप लगाउँदै प्रचण्ड-नेपाल पक्ष यतिबेला ओली टिमसँग रुष्ट भएको छ ।

कालो पोशाकमा महिलाको प्रदर्शन

अर्जुनधारा (प्रस) ।। बढ्दो यौन दुर्व्यवहार र बलात्कारविरुद्ध महिलाहरुले शनिबार झापाको शनिश्चरे बजारमा प्रदर्शन गरेका छन् ।

बलात्कारमा संलग्नलाई संरक्षण गर्ने राज्य आफैँ दोषी भएको जनाउँदै उनीहरुले प्रदर्शन गरेका हुन् । यसअघि झापाको बिर्तामोड लगायतका स्थानमा पनि उनीहरुले प्रदर्शन गरेका थिए ।

बलात्कारका घटनामा संलग्नलाई फाँसीभन्दा पनि आजीवन सजाय हुनु पर्ने मागसहित शनिबार देशभर एउटै समयमा प्रदर्शन गरिएको अधिकारकर्मी प्रकृति न्यौपानेले बताइन् । 'मृत्युदण्ड दिँदैमा बलात्कार रोकिँदैन', उनले भनिन्, 'विश्वका धेरै मुलुकको तथ्याङ्कले पनि यसलाई प्रमाणित गरेको छ ।'

निधारमा कालोपट्टी बाँधेर कालै पोशाकमा उपस्थित भएका महिलाहरुले 'अब कति सहने' भन्दै बलात्कारीलाई मृत्युदण्ड होइन आजीवन काराबासको सजाय हुनु पर्ने माग गरे ।

संसदको हिउँदे अधिवेशन तत्काल बोलाउन माग

झापा (प्रस) । गत असारमा सरकारले आकस्मिकरुपमा संघीय संसद अधिवेशन अन्त्य गरेलगत्तै विपक्षी दलहरुले विशेष अधिवेशन माग गर्ने चर्चा चलेपनि सार्थकता पाउन सकेन । तर,पछिल्ला दिनहरुमा संसदको हिउँदे अधिवेशन आह्वानको चौतर्फी माग बढ्दै गएको छ ।

वर्तमान विषम परिस्थितिमा जनप्रतिनिधिमूलक संस्थाको झन् आवश्यकता रहने भन्दै विपक्षी दलमात्र नभइ सत्तारुढ दलकै कतिपय नेता र पूर्वसभामुखहरुले पनि तत्काल संसद अधिवेशन बोलाउन माग गरेका छन् ।

आमनागरिकका समस्या र आवश्यकता सरकारसम्म पुऱ्याउने पुल हो, जनप्रतिनिधिमूलक संस्था संसद । तर, लामो समयसम्म संसद बन्द हुँदा नागरिकका समस्या र आवश्यकता सरकारसमक्ष पुऱ्याउने जिम्मेवारीबाट विमुख भएका छन्, जनप्रतिनिधिहरु ।

गत असार १८ गतेदेखि बन्द रहेको संसद चार महिना बितिसक्दा पनि सुचारु हुने कुनै संकेत छैन ।

लामो समयसम्म जनप्रतिनिधिहरुको सर्वोच्च निकाय संसद बन्द रहँदा नागरिकका आवाज त बन्द भएकै छन्, तत्काल बनाउनुपर्ने कतिपय ऐन, कानुन पनि अलपत्र परेका छन् ।

जनप्रतिनिधिमूलक संस्था संसद सरकारको आलोचकमात्र होइन, सहयोगी पनि हो । संसदले सरकारका कमी-कमजोरीलाई औंल्याएर सही बाटोमा डोहोऱ्याउनुका साथै अराजक हुनबाट पनि रोक्छ । पूर्वसभामुख एवं सत्तारुढ दल नेकपाका सांसद ओनसरी घर्तीले अहिलेको अवस्थामा जनप्रतिनिधिहरुले जनताका कुरा राख्न पनि संसद अनिवार्य रहेको बताइन् ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेलले सरकार र सत्तारुढ दलले एकाधिकार लाद्न खाजेको भन्दै तत्काल संसद अधिवेशन बोलाउन माग गरे ।

त्यसो त छ महिनाभन्दा बढी समय संसद बन्द गर्न नहुने संवैधानिक व्यवस्था छ । संसद अधिवेशन अन्त्य भएको चार महिना बितिसकेकाले संवैधानिक व्यवस्थाअनुसार संसद सुचारु गर्न सरकारलाई अब पर्याप्त समय पनि छैन ।

तर, सरकार भने कोरोना महामारीलाई नै देखाएर संसद अधिवेशन आह्वान पर धकेल्ने मनस्थितिमा देखिन्छ ।

पूर्वसभामुख घर्ती स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउँदै जुनसुकै अवस्थामा पनि संसद सञ्चालन गर्नुपर्ने बताउँछिन् ।

पूर्वसभामुख पौडेलले सरकारले आफूखुसी गर्नकै लागि समय नआउँदै गत संसद अधिवेशन अन्त्य गरेको भन्दै लोकतन्त्रको आत्मालाई मार्ने काम भएको आरोप लगाए ।

संघीय संसदको अर्को प्रतिपक्ष दल जनता समाजवादी पार्टी (जसपा) नेपालका संघीय अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि सामाजिक सञ्जालमार्फत् कोरोना महामारी, अर्थतन्त्र, संघीयता, भ्रष्टाचार, विदेश सम्बन्धलगायतका विषय जनप्रतिनिधिमूलक संस्थामा छलफल हुनुपर्ने भन्दै तत्काल अधिवेशन बोलाउन माग गरेका छन् ।

बिर्तामोडका....

थिए । प्रत्येक बोटबाट औसतमा पाँचवटा माला उत्पादन हुने भट्टराई बताउँछिन् ।

फूल खेती आयआर्जनको प्रमुख स्रोत हुने कुरामा उनीहरु बिश्वस्त छन् । भट्टराई भन्छिन्, "तिहारमा सयपत्री फूलले राम्रो बजार पाउने भएपनि तिहार अघिदेखि नै फूलको माग हुने थालेको छ ।" सयपत्री फूल खेतीका लागि ४ महिना खट्नसके राम्रो आम्दानी लिन सकिने उनीहरुको भनाइ छ । बीउ र भाडामा लिएको जग्गाको मूल्य जोड्दा वर्षमा १ लाख रुपैयाँसम्म खर्च हुने भट्टराईले जनाइन् । उनीहरुले कलकते लोकल जातको सयपत्री रोपेका छन् । गड् यौला र गोबर मलको प्रयोग गरेकाले फूल अर्गानिक हुने भट्टराईले सुनाइन् । झापाको मागलाई धान्न १५ विगाह क्षेत्रफलमा फूल खेती गर्न आवश्यक रहेको भट्टराईले जनाइन् । फूल खेतीमा ६ जना महिला अहोरात्र खटेका छन् । खेतीमा बिर्तामोडकै गोमा, नैनकला भट्टराई, सुस्मा भण्डारी, यसोदा चापागाईं, सर्मिला अधिकारी र कञ्चना बरालको साझेदारी रहेको छ । उनीहरुले फूल रोप्ने समयमा २० देखि २५ जनालाई दैनिक ज्यालादारीमा रोजगारी दिएका थिए भने रेखदेखका लागि स्थानीय एक महिलालाई तलब दिएर राखेका छन् । फूल टिप्ने समयमा पनि केही कामदार आवश्यक पर्ने गोमा भट्टराईले बताइन् । उत्पादित फूलको मुख्य बजार बिर्तामोड, सुरुङ्गा, अर्जुनधारा, मेचीनगर रहेको छ । उनीहरुले माला प्रतिगोटा ७० रुपैयाँका दरले बिक्री गर्ने योजना बनाएका छन् । बिर्तामोडमा बिक्री केन्द्र स्थापना गरेर फूल बिक्री गर्ने जनाइएको छ ।

फ्लोरीकल्चर एशोसिएसनले बजारमा सयपत्री फूलको मागमा कमी र स्वदेशी उत्पादन राम्रो रहेकाले यस वर्षको तिहारमा छिमेकी मुलुक भारतबाट फूल आयात नहुने जनाएको छ । कृषकहरु भने नेपाली उत्पादनले माग धान्न नसक्ने बताउँछन् । फ्लोरीकल्चर एशोसिएसनका अनुसार गत वर्ष तिहारमा २५ लाख सयपत्री माला खपत भएको थियो । यस वर्ष भने बजारमा १५ लाख मात्र मालाको माग छ । मागअनुरुप उत्पादन भएकाले आयातित फूल आवश्यक नहुने जनाइएको छ । गत वर्षको तिहारमा २५ लाख माला खपत हुँदा तीन लाख माला भारतबाट आयात भएको थियो ।

भक्काको...

पनि दिनमा हजार पन्ध्र सय जोगिन्छ ' उनले भनिन् । कमाई राम्रो हुने भएपछि अहिले राजवंशीसगै गैर राजवंशीले भक्का बेच्न थालेका छन् । राजवंशी जातिको मुरै (भुजा) ले राष्ट्रिय मान्यता पाएजसरी भक्काले पनि व्यापकता पाउँदै गएको छ । राजधानी काठमाडौमा खोलिएका भक्का पसलहरुले राम्रो ब्यापार गरिरहेका छन् । आदिवासी राजवंशीहरुले जातीय परिकारको रुपमा परम्परादेखि भक्का बनाउँदै आएका छन्। उहिले घरायसी प्रयोजन र खासगरी अतिथि सत्कारको लागि यसको प्रयोग गरिन्थ्यो। अहिले व्यवसाय गर्ने गरिन्छ। विगतमा अधिकांश राजवंशी खेतिपाती गर्ने गर्थे। वर्षभरिको कमाइ धानबाली थनक्याईसक्दा जाडो मौसम शुरु हुन्छ । 'त्यही मौसममा घर-घरमा भक्का पाक्ने गर्थ्यो,' बिर्तामोड-९ का बसन्त राजवंशी भन्छन्, 'भक्का खाएर जाडोको आनन्द लिने गर्थ्यौं । ' अतिथि सत्कारको जातीय संस्कारले राजवंशी जाति सम्बृद्ध मानिन्छ । 'मंसिर लागेपछि एकअर्काको घरमा पाहुना जाने, चेलिबेटीहरुलाई बोलाउने प्रचलन थियो र अझै बाँकी छ ' बसन्तले भने, ' अतिथिहरुलाई भक्का र पिठ (बगिया) खुवाएर मात्र बिदा गरिन्छ । ' खासगरी मंसिरदेखि माघसम्म तीन महिना तराईमा जाडो हुन्छ । त्यही समय भक्का खाने गरिन्छ । चामलको पीठोलाई बाफमा राखेर बनाइने भक्कालाई स्वस्थकर मानिन्छ । ' भक्कामा चिप्लोचाप्लो र मिसावट हुँदैन' कस्तुरी मेडिकलका संचालक आइतवारीलाल राजवंशीले भने, ' त्यसबाट स्वास्थ्यलाई असर पुग्दैन ।'

लगनशील सहकारीद्वारा २८ पिन्ट रगत संकलन

दमक (प्रस) । कमल गाउँपालिका ५ स्थित लगनशील कृषि सहकारी संस्थाले आयोजना गरेको रक्तदानमा २८ पिन्ट रगत संकलन भएको छ ।

सहकारीको १३ औं बार्षिक साधारणसभाका अवसरमा पारेर आयोजित रक्तदानमा ४ महिलासहित २८ जनाले रक्तदान गरेका हुन् ।

रक्तदान दमकस्थित नेपाल रेडक्रस सोसाईटी दमक उपशाखाको रक्तसञ्चार सेवा केन्द्रको हातामा भएको थियो । कोरोना जोखिमका कारण संस्थाले यस वर्ष रेडक्रसमा पुगेर रक्तदान कार्यक्रम राखिएको अध्यक्ष एलवी विष्टले बताए । उनका अनुसार रक्तदानमा सहकारीका सञ्चालक,शेयर सदस्य तथा कर्मचारीहरुले सहभागिता जनाएका थिए ।रगतको अभाव भईरहेको वेला सहकारीले आफनो बार्षिक कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रम गरिएको उनले बताएका छन् ।

यसैवीच सहकारीले आफनो १३ औ बार्षिक साधारणसभा कार्तिक २७ गते आफ्नै सभाहलमा गर्ने तय गरिएको जनाएको छ । साधारणसभा सम्पन्न गर्न संस्थाले कार्तिक २१ गतेसम्म तीन दिन प्रतिवेदन वितरण गर्नुका साथै कार्तिक २५ गतेभित्र प्रतिवेदनमाथि सदस्यहरुलाई सुझाव पेश गर्न अनुरोध गरिएको समेत अध्यक्ष विष्टले जनाएका छन् ।

सच्याईएको

यस प्रतिदिन दैनिकको शनिवारको अंकमा चौथो पृष्ठमा प्रकाशित समाचारमा त्रिविले स्थगित परीक्षा गर्ने शिर्षक हुनुपर्नेमा त्रुटीबश अन्यथा भएकोले सच्याइएको छ । -सम्पादक

पूर्वाञ्चल क्यान्सर अस्पतालमा मुटुसम्बन्धी सम्पूर्ण उपचार

बिर्तामोड (प्रस) । झापाको बिर्तामोडस्थित पूर्वाञ्चल क्यान्सर अस्पतालले मुटु रोगीको सम्पूर्ण उपचारका लागि क्याथल्याव सेवा सञ्चालनमा ल्याएको छ । शनिबार अस्पताल प्रशासनले पत्रकार सम्मेलन गरी क्याथल्याव सेवा सञ्चालनमा ल्याइएको जनाएको हो ।

अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. उमेश यादवले मुटु रोगीलाई सहज र गुणस्तरीय सेवा दिने उद्दश्यले क्याथल्याव सेवा सञ्चालनमा ल्याएको बताए । डा. यादवले मुटु सम्वेदनशील अंग रहेकाले रोगीहरुले रोगको पहिचान गरी समयमा नै उपचार नगरे मानव स्वास्थ्य नै खतरामा पर्ने जनाए । अस्पतालले मुटु रोगीको गुणस्तरीय उपचार सेवा प्रवाहका लागि भारतको चेन्नाइबाट मुटुरोग विशेषज्ञ डा. अवनकुमारको टोली ल्याएको छ । डा. अवनकुमारको पाँच जनाको टोली रहेको छ । डा. अवनकुमारले १० वर्षदेखि आफूले मुटु ट्रान्सप्लान्टको अनुभव संगालेको बताउँदै पूर्वाञ्चल क्यान्सर अस्पतालको व्यवस्थापन पक्ष सकारात्मक रहेकाले नेपाल आएर सेवा दिन शुरु गरेको जनाए ।

पूर्वाञ्चल क्यान्सर अस्पतालको क्याथल्याव नेपालकै उच्च प्रविधियुक्त र सुविधासम्पन्न रहेको अस्पतालका कार्यकारी निर्देशक दुर्गाप्रसाद प्रसाईंले बताए । मुटुका रोगीले उपचारका लागि भारत जानुपर्ने बाध्यता हटेको उनको भनाइ छ । अस्पतालले आगामी २ वर्ष भित्रमा मुटु प्रत्यारोपणसमेत गर्नेगरी तयारी थालेको प्रसाईंले बताए । करिव ५० करोड रुपैयाँको लगानीमा क्याथल्याव सेवा सञ्चालनमा ल्याइएको अस्पतालका जनसम्पर्क अधिकारी प्रमिश गिरीले बताए ।

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।

सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको
बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
बाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

अभिव्यक्ति

बालक र कवि

❖अमृता खरेल

अप्ठ्यारो शब्द
अप्ठ्यारै जिन्दगी
कविलाई मन पर्छ सायद
तब त तुन्छौ भाव यसरी
मनलाई सिङ्क जस्तो सोचेर
हे मेरा कवि. . . . .
जूनलाई जूनानै लेखेको राम्रो
फूललाई फूलै लेखेको राम्रो
तर,
तिमी यसरी लेख्दैछौ रे आजभोलि
आफ्नो आमाको रचना
आमाले नि नबुझ्ने गरी
अनि भन न आफ्नै सन्तानले बुझ्छन् कसरी ?
मलाई कसैले भन्यो
के लेख्छन् कविले कविता
जसले मनको दर्दलाई बिज्ञानमा लेख्न जान्यो।
आँशुलाई जोड घटाउ गर्न जान्यो।
अनि बन्यो जटिल आफ्नै जिन्दगी
यसरी नै पाठ पढायो अरुलाई पनि कि
स्वास त एकान्तमा हराएको बालक हो भनि
सक्छौ सरलता लेख कवि
सक्छौ मिठास लेख कवि
तर,
मनले नबुझे मनको भाषा नलेख
यहाँ, बालकमै कुहिसकेको मगज छन् ।
रक्सीमा वेदना साट्ने सहर छन् ।

भद्रपुर

सहरिया पाखे !

❖ दिपिका खतिवडा

सहरको परिवेश । हामी कुल तीन जना थियौं । यसो चिसो हावा खान भनेर निस्किएका । दुई पात्र मभन्दा उमेरमा ठूला, गाउँमा हुर्किएका । बेलाबेला मात्र सहर आउजाउ गर्ने । म ठीक विपरीत ।

सामान्य कुराकानी चल्दै थियो । कुनबेला कुरा कताबाट कता बाउँडियो भनि अड्कल लगाउन म उनीहरूका वार्तालापमा गौण थिएँ । मलाई एउटा प्रश्न फुत्त फालिएपछि मात्र वर्तमान अवस्थामा फर्किन बाध्य भएँ । 'त्यो रुख के को हो थाहा छ ?' एउटा अग्लो पातलो रुख अगाडिपट्टी थियो । त्यसबेला मैले चिन्ने भनेको 'वान एन्ड ओन्ली' केराको बोट !

तर पनि सोधिदिएँ 'कुन चाहिँ ?' दुवै पात्रका चोर औंला एकै दिशामा तेर्सिए । थाहा छैन भन्नुको विकल्प थिएन, भन्दिएँ, 'थाहा छैन ।' 'गाउँका मान्छेलाई पाखे भन्छन्, वास्तवमा सहर बस्ने मान्छे चाहिँ पाखे हुन् । केही थाहा हुँदैन यिनीहरूलाई,' उताबाट ठाडो प्रतिक्रिया आयो । रुखको नाम भने आएन । बचनले कष्ट दिइसकेपछि म पनि किन नाम सोध्ने कष्ट गरिराख्थें ? चुपै बसें ।

अलि वर्षपछि फेसबुकको न्युज फिड स्क्रोल गर्दा एउटा पोस्टले फेरि त्यही रुख वाला घटनामा पुऱ्यायो । हातमा किम्बुका दाना देखाएर क्याप्सन लेखिएको थियो 'यसको नाम नजान्ने त पाखे हो ।' पाखोमा बस्ने पाखे भनेर सिकेको भर्खर अस्ति हुँदै थियो । 'पाखोमा बस्नेले त झन् बोटबिरुवा, रूख त के पूरा जंगल नै निल्नुपर्ने । जाबो किम्बु थाहा नहोला त पाखेलाई ?' फेरि सोचें, 'एउटै शब्दको धेरै अर्थ हुन्छन् । अनेकार्थी शब्द पनि त सिकेकै हो । ही इज गे माने 'ऊ समलिंगी हो' मात्र नभएर 'ऊ खुसी छ' पनि हुन सक्छ । शब्दको आफ्नै हिसाबले अर्थ लगाउनु व्यर्थ देखेपछि मैले ब्रह्मास्त्रको प्रयोग गर्ने भएँ हाम्रो नेपाली शब्दकोश ! पाखे लेखिएको पानासम्म पुगें । पाखे भनेको त असभ्य र ग्वाँज पनि रहेछ ।

म असभ्य र ग्वाँज त पक्का थिइनँ । लाग्यो पाखेको अर्थ परिमार्जन भएछ । किम्बु त चिनेकी थिएँ र त्यसपालि चाहिँ परिमार्जित पाखे हुनबाट बचें । तर धेरै कुरा थिए जसले फेरिफेरि मलाई पाखेको उपनाम दिन सक्थ्यो । बोटबिरुवा, घाँसदाउरा, जोताइ, रोपाइँ, कुलो, चुलो, कुटो, कोदालो, सलेदो, फलेदो, बाबियो, खलियो, भुङ्गो, मुङ्गो, काम्लो, नाम्लो, दाम्लो...खै अरू के-के हो के-के नजान्दा धेरै ठाउँ लाजले रातो पिरो भएका झलकहरू आँखा अगाडि बुत्रुकबुत्रुक उफ्रिन थाले । भ्रष्टाचारीले जस्तो लाज पचाइराख्ने खुबी विकास भएकै थिएन । पाखे हुनबाट बच्न मैले जसरी पनि गाउँ बुझ्नैपर्ने भयो ।

अनि के थियो र ? गाउँमा आफ्नै घर छ, मलाई केको डर छ भन्दै चल्दिएँ म पनि पूर्वी तराई । पुगेको भोलिपल्टको कुरा हो । माथ्लो घरका दाइ खुर्पा माग्न आँगनमा आएका थिए । सबै घरका काममा अस्तव्यस्त, फलैंचाको शीतलमा मस्त भैरव अर्याललाई पढेर खित्खिताउँदै बस्ने मै एक थिएँ । 'भित्रबाट खुर्पा झिकेर दे त' भनेको आवाज सुनें । अनि सातोपुत्लो उड्यो । खुर्पा, खुर्पा, खुर्पा तीन चोटिसम्म शब्द दोहोऱ्याउँदा पनि खुर्पाको चित्र दिमागमा कसैगरी कोरिएन । खुर्पा कस्तो हुन्छ भनेर सोध्न मबाट कुनै पनि ध्वनि उच्चारण हुन मानिरहेका थिएनन् । कन्चटमा हात राखें, कन्पारो तात्यो ।

'क ख सिकाउँदा 'ख खरायो'को साटो 'ख खुर्पा' नलेखिदिएर हेर त आज मेरो कस्तो हालत ! रसायन, गणित र व्याकरणका सूत्र जानेको त कुनै मतलब नै भएन नि,' समयको अभावमा सोचाइलाई त्यहीँ बिट नमारी भएन । मेरो भागमा सोधे गाली, नसोधे पनि गाली नै थियो, मैले सोधेरै गाली खाने विकल्प रोजें ।

खुर्पा चिनेर मगन भएको मेरो मनलाई अर्कोपल्ट खुर्पा माग्न आउनेको ठूलो प्रतीक्षा थियो । जानेको कुरा त कसले मागिदिन्थ्यो र ? अर्कोपल्ट खन्ती पो ल्याउन अह्राइयो । मुटु चलेको टड्कारो सुनिन थाल्यो । अनि एड्रिनालिन र कोर्टिसोलले पनि बकाइदा आफ्नो धर्म निभाए । अह्राइएको मान्छेलाई चोरका खन्ती बाहेक दोम्रो खन्ती पनि यो लोकमा छ भन्ने नै थाहा छैन ! यो कुरा अह्राउने मान्छेलाई के थाहा ! उही दिन साँझको कुरो, गाई दुहेको हेर्दा गाउँलाई तै बुझिन्छ कि भनेर काकाको पछिपछि लागें । दुहुने भाँडो बोकेको सम्म त बुझें तर कचौरामा घ्यू पनि सँगसँगै बोकेको देख्दा अलमलमै परें । फ्याट्टै सोधि पनि हालें, 'किन चैं बोक्नुभएको त घ्यू ?'

बोलिसकेपछि थाहा भयो बोल्न नहुने कुरा बोलिएछ । त्यतै पो अर्को रमिता खडा भयो । सुन्ने जति सबै गलल्ल हाँसे । 'यी सहरमा हुर्किनेसँग पनि नसकिने रहेछ ।' एकदिन जाँतोमा दाल पिस्दै गरेको देखें । चिनेको चिज देखेकी, भनिहालें, 'ओहो जाँतो !' एकातिरबाट 'यसलाई पनि थाहा रहेछ है !' अर्कातिरबाट 'जाँतो चाहिँ चिन्दी रहिछे, धन्न !' अर्को आवाज, 'त्यति पनि नचिने त के गर्नु हौ !', फेरि अर्को, 'ठप्पै पनि त हुनु भएन नि !'

म अक्क न बक्क छक्क परें । गाउँका विषयमा मुख खोल्यो कि पोल्यो । जानेका विषयमा बकाइदा बोल्दा काइदा होला भनेको त केही फाइदा भएन । आइन्दा बोल्ती नै बन्द गर्नु उचित ठानें । अनि तैं चुप् मै चुप ! गाउँको 'ग' नजान्ने भएपछि एकदिन मलाई ढिकी कुटेको देखाउन भनी तल्तिरकी गायत्री आमैकामा लगियो। मभन्दा ५-६ वर्ष कान्छी बहिनीले 'ल हेर्नू दिदी' भनेर मलाई ढिकी कुट्दै गरेकी आमै अगाडि उभ्याई । लाटाले पापा हेरे जसरी हेरिरहेको देखेपछि ढिकी कुट्ने आमैले मन थाम्न सकिनन् । सोधिहालिन्, 'होइन के हेरेका त्यसरी?'

बहिनीले मुख फोरेपछि आमैले भनिन्, 'हाम्री नातिनीले पनि केही चिन्दिन । अस्ट्रेलियामा बस्छे । आएकी थिई दोडा महिना जति अगाडि । झर्कै लाग्ने गरी गीत सुन्थी, उसको काम नै त्यही हो अरे । हाम्रा कुरा उनीहरू बुझ्दैनन्, उनीहरूका कुरा हामीले बुझ्दैनौं बा... बस, बस । ऊ त्यता छन् सुकुल ।' ढिकी हेरेर फर्किंदै गर्दा बहिनी कराउँदै थिई, 'तपाईंले ढिकी च्याऊँ देख्नुभएको छ? यस्तै हुन्छ नि !' आमैले केही तिखो भनिनन्, म त्यसैमा सन्तुष्टि मनाउँदै थिएँ । मैले १० वर्षको उमेरमा पहिलोचोटि गाउँ टेकेकी । गएको भोलिपल्ट बिहानै केटाकेटीहरू गुटुटु धूलो उडाउँदै खेल्न कुदेको देखें । बरन्डाबाट त्यी केटाकेटीलाई देख्दा त्यतै छक्क परेकी थिएँ । त्यी सबैले मिलेका चट्ट परेका पाइन्ट र सर्ट लगाएका थिए । गाउँमा पाइन्ट र सर्ट कसरी आइपुग्यो ?

सोचें, म जस्तै बिदामा सहरबाट गाउँ आएका होलान् । मोटरहरू पनि मज्जाले गुड्दै थिए । मान्छेको हुलिया र हाउभाउ पनि सबै सहरकै मान्छेका जस्ता । स्कुलमा चित्रकलाको कक्षामा 'भिलेज सिन' बनाउँदाको भिलेज कतैबाट पनि त्यस्तो थिएन । माटाले लिपेको घर, पँधेरो, खोला, साँघुरो बाटो र धोती चोलो नभए कुर्ता लगाएकी महिलाले डोको बोकेको । यस्तैयस्तै चित्र ५ देखि १० चोटिसम्म त पक्का बनाइसकेकी थिएँ । मैले बनाउने गरेको गाउँको चित्र र मैले प्रत्यक्ष देखिरहेको गाउँको चित्रमा आकाश-पाताल फरक थियो । त्यसबेला बुझ्न अलि उमेर पुगेनछ क्यारे, मैले बनाउने गरेको चित्र अर्कै कुनै गाउँको रहेछ ।

गाउँ चिन्नका लागि गाउँमै बस्नुपर्ने रहेछ । पर्यटकीय घुमाइले आज देखेको भोगटेको बोटलाई भोलि सुन्तलाको बोट बनाइदिन बेर लगाउँदैन । सानैदेखि गाउँ बसियो भने ठीकै छ । अलि उमेर भएपछि सिक्न जाऊँ न त भनौं भने 'म एकछिन खिसिट्युरी गर्छु अनि मात्र सिकाउँछु ल' भन्नेहरूको ओहिरो लाग्ने रहेछ । 'नो पेन नो गेन' भन्छन् नि, ज्ञान लिन परेपछि यति संघर्ष नगरेर भो त अब ? गाउँबाट सहर आउनेको पनि उही छ बेथा । कुनैबेला एसएलसी दिएर पहिलोचोटि गाउँबाट काठमाडौं आएको साथीले कम्प्युटर देख्दा हेरेका हेर्यै भएको थियो अरे । चलाउन नजान्दा हप्काइ पनि खायो रे । उसको पीडा म थोरबहुत बुझ्छु । मलाई पनि गाउँ लगेर हलो जोताइयोस् त, त्यहाँ मेरो हालत उसकै हुन कति बेर लाग्ला र ?

आजकल केही दम्पतीहरूले छोराछोरीलाई कहाँ हुर्काउने भन्ने विषयमा कुरा गर्ने गरेको पनि देख्छु । धेरै छलफलपछि गाउँ जाने निर्णय गर्नेहरूलाई पनि हेर्छु । अनि उही दम्पतीले जन्मेको केही महिनामै छोरारछोरीलाई मोबाइल र टिभी देखाउँदै लिटो खुवाएको देख्छु । गाईरभैंसी पाल्नको झन्झटले डेरीबाट दूध ल्याएर खुवाएको पनि देखिएपछि हेर्नैपऱ्यो । घरका अन्य सदस्यबाट टाढा बसेर गाउँमा छोराछोरी हुर्काउन हिँड्नेलाई पनि बेलामौकामा देख्नुपर्छ । भोलि आफ्नै हजुरबा-हजुरआमा चिन्दैनन् त्यी छोराछोरीले । चिने पनि राम्ररी बोल्दैनन् । अनि कालान्तरमा 'आफन्तसँग बोल्नै जान्दैनन्' भनेको पनि सुनिदिनै पऱ्यो । सहर पसिसकेको गाउँमा छोराछोरी हुर्काउन त्यति सजिलो कहाँ छ र ? सहरमा भने गाउँ होइन गाउँले धेरै पस्छन् । त्यसैले पनि भोगटेबाट सुन्तला, गहुँबाट धानका बाला, बोडीबाट सिमी, गुन्द्रुकबाट सिन्की छुट्याउन सहर एक्लैले सिकाउन नसकेको हो कि !

अस्ति मात्र एउटी १२-१३ वर्षकी बच्चीले चरिरहेको बाख्रोलाई देखाउँदै भनी, 'ममी, दसैंमा हाम्रो घरमा पनि ऊ त्यस्तै खसी काट्नुपर्छ ल !'

गोपाल दाईको माइक र हरियालीले भरिएको बजार

❖ लिलक सिटौला

शनिश्चरे स्कूलमा पाँच कक्षामा पुगेका विद्यार्थीहरुले इच्छा गरेमा स्काउट हुन पाइन्थ्यो त्यतिखेर । हामी पनि पाँच कक्षा पुगिसकेका थियौं । क्या मज्जा भएको थियो, हामी स्काउट भएकोमा । स्काउट हुनका लागि आवश्यक लुगा भने घरबाटै लिएर आउनु पर्थ्यो । केटीहरुले लगाउने लुगा हरियो र रातो रुमाल हुन्थ्यो, केटाहरुले लगाउने खैरो लुगा हुन्थ्यो । मेरा नजिकका साथीहरुमा दीपकसेन भट्टराई, ज्ञानु थापा, संगम भट्टराई लगायत स्काउटमा थियौं । हाम्रा क्याप्टेनहरुमा सुशिला भट्टराई, तारा ओली, गंगा विमलीहरु थिए ।

स्वयंसेवी दस्ता भएकाले बाढीपीडित, आगजनी, आकस्मिक घटनाहरुमा स्वयंसेवाका लागि स्काउटको दस्ता खटाइन्थ्यो । जे होस्, केही न केही काम पाएकोमा म चाहिँ खुशी भएको थिएँ । स्काउटमा भर्ना भएपछि मैले ठूलो अनुभव लिन पाएँ । त्यहाँ पटक्कै भेदभाव थिएन । सबैले देब्रे हात मिलाउनु पर्थ्यो । सबैको उस्तै काम र अवसर भएकाले सानो-ठूलो, धनी-गरीब, जातपातको त्यहाँ अन्त्य भएको अनुभव भएको थियो ।

०२७ सालको अन्त्यतिर धराबासीको परिवारका सबै, बुबाआमा, दिदीबहिनीहरु बजारको सानो कोठाको साँधुरो स्थानबाट फराकिलो स्थानमा बास सर्यो । उसको बास सरेको मलाई त्यति ठीक लागेन, मिल्ने साथी अलिक टाढा भएकोमा दुःख लाग्यो । कृष्णको आमा शिवाकोटी परिवारकी चेली भएकाले मलाई कान्छा भाइ भन्नु हुन्थ्यो । धेरै माया गर्नुहुन्थ्यो । कहिलेकाहीं त अभरमा पैसा पनि दिनुहुन्थ्यो । खाना खान दिनुहुन्थ्यो । सिनेमा समेत हेर्ने पैसा दिनुहुन्थ्यो । मेरा लागि अम्बिका दिदी अभरमा समाधानको एउटा बाटो हुनुहुन्थ्यो । उहाँहरु शनिश्चरे बजारबाट लगभग आठ सय मिटर जति पूर्वोत्तरमा पर्ने सातपत्रेमा गएर बसोबास गर्नुभयो । बासको व्यवस्था त्यहाँ भए पनि बजार बस्ने बानी परेको कृष्ण भने दिनभरि हामीसँगै बजारमा हुन्थ्यो, साँझ परेपछि सातपत्रे पुग्थ्यो, हामी बजारको बजारै ।

एक दिन एक्कासी चर्को स्वरमा माइक बज्यो । त्यो माइक सिनेमा हलमा बजेको होइन । त्यस आवाज सुन्नु भन्दा पहिला त सिनेमा हलदेखि बाहेक माइक बजेको सुनेकै थिएन । त्यो बेला हामी भन्दा ठूला दाईहरुले विद्याकी देवी सरस्वती पूजामा स्कूलमा माइक ल्याएर बजाएका रहेछन् । त्यो पूजा पहिलो पटक भव्यरुपमा भएको थियो ।

माइकलाई भाडामा लगाउने गरी व्यावसायिक रुपमा साविक शनिश्चरे- ९, प्रणामी टोल निवासी आदरणीय गोपाल बस्नेतले ल्याउनु भएको रहेछ । माइकमा धार्मिक गीतहरुको झन्कार भएको थियो । सरस्वती पूजा भनेको विद्यार्थीको ठूलो चाडको रुपमा हुन्थ्यो ।

माइक कान फुट्ने गरी कराउँथ्यो । त्यो माइक बज्नका लागि कालो चक्कीहरुलाई एउटा मेसिनमा राखेर त्यसमाथि एउटा डल्लो राखेपछि बज्थ्यो । त्यो चक्कीको दुबै तर्फ रेखा कोरिएका थिए । त्यही रेखाबाट गीतहरु बज्छ भन्ने पछि मात्र थाहा पाइयो ।

गोपाल बस्नेतले शनिश्चरेमा पहिलो पटक माइक भित्र्याएका थिए । उनले माइक ल्याएपछि यहाँ हुने विवाह, पूजाआजा, पुराण लगायतका कार्यहरुमा माइक बज्न थालेको थियो । उनले विभिन्न ठाउँहरुमा आफ्नो राम्रो प्रस्तुति दिएको कुराहरु सुन्न थालिएको थियो । त्यसपछि बाबुराम प्रधान, जसलाई मास्टर पनि भनिन्थ्यो, उहाँले पनि व्यावसायिक रुपमा माइक भित्र्याउनु भयो । त्यसपछि अन्यत्र पनि माइकहरु भित्रिन थाले । यसरी बिस्तारै यो शनिश्चरे क्षेत्र पनि कुनै पनि कार्जेहरुमा जोडतोडका साथ माइकमा गानाबजाना र भजनकिर्तनको चर्को आवाज घन्काउने भयो ।

स्कूलको सरस्वती पूजाको बुनिया र पुरी नखाइ नहुने हामीलाई । खान पाइएन भने केही नपुगे जस्तो हुने । तर हाम्रो टीमको बाध्यता थियो, जाग्राम गर्नै पर्ने थियो पुरी खानलाई । जाग्राम बस्नका लागि ठीक समय थियो । किनभने त्यो पूजा भएको दिन शुक्रवार थियो । शुक्रबार बेलुका शनिश्चरे बजारमा धाननाचको अर्कै रौनक हुन्थ्यो । हामी धाननाच हेर्ने तर्फ लाग्यौं । रातभर जाग्राम बसियो नाच हेरेर । बिहानै स्कूलमा बुनिया र पुरी खानका लागि उपस्थित भयौं । विद्याथीको संख्या बढेको थियो त्यसबेला । त्यसैले एउटा पुरी र आधामुठी बुनिया खाएर चित्त बुझाउनु पऱ्यो । मज्जाले खान पाइएन । तर जे होस्, समय राम्रो थियो ।

शनिवार अरु दिनभन्दा अलिक बढी सुतिन्थ्यो । बजारको उत्तरतर्फ दंगाली बाबैको घर अगाडि हस्त दाई र टंक मगरको बुबा हुनुहुन्थ्यो । कबे मगरको मावली घर अगाडि एउटा नेपाली मान्छेले तासको जादु लिएर आएको थियो । बजार निकै भीडभाडमा थियो । सुइऽऽ सुइऽऽ पार्दै सिटी मार्यो । अनि भन्यो- 'खबरदार ! तपाईहरुको अगाडि साँप छ, ठिङ्ग रोकिनु होस् ।' मान्छे सबै रोकिए, तर साँप थिएन । उसका कुराले मान्छेको भीड उसको वरिपरि लाग्यो । हामी पनि उसका कुरा सुन्नतिर लाग्यौं । खाली राजनीतिक कुरा गर्दैथ्यो । मान्छेको भीडमा रमेश मिन्त्री र राधेश्याम गुप्ता हामी भन्दा साना थिए । त्यो मान्छेले देखाएपछि उसको जादु हिट भो । तासमा चिंडी देखायो, पाना हुन्थ्यो । पाना देखायो, भोटे हुन्थ्यो । इँटा देखाए पाना हुन्थ्यो । अन्त्यमा बट्टाहरु निकालेर 'यो शिलाजित हो, यसले धेरै रोग जाति हुन्छ' भन्दै बेच्न थाल्थे । जादु देखाइसकेपछि सधैं दबाइ बेच्ने उनको पेशा रहेछ । त्यो त दबाई बेच्ने टेक्निक रहेछ । त्यो बेला धेरैले यस्ता जादुहरु देखाएर दबाई बेच्दा रहेछन् ।

जादुवाललाई हाम्रो टीमले सलाम गऱ्यो, मित्रता बढ्यो । हाम्रो टीम भन्नाले कृष्ण धराबासी, संजीव उप्रेती, ध्रुव थापा, ज्ञानु मगर, रमेश तुलाधार, उत्तम तुलाधार, बाबुलाल, जुद्धमान, अलक फुयाल, ओमप्रकाश भट्टराई, दीपकसेन भट्टराई, भरत बुढाथोकी, विजय देवानहरु । यी साथीहरु बिस्तारै हाम्रो संगतमा आउन थालेका थिए । ती जादु देखाउने मान्छेको थर रिमाल थियो, नाम विष्णु । उहाँ वैद्य हुनुहुँदोरहेछ । बिस्तारै उहाँलाई इतर पक्षले पंचायतको जासुस पनि भने । उहाँको उपस्थितिले शनिश्चरे बजारमा एक किसिमको रौनक थपेकै थियो ।

त्यतिखेर शनिश्चरेमा डाक्टरी पेशा गरेर बस्नेहरु थुप्रै थिए । जसमा डा. शंकरप्रसाद उप्रेती, देशर बाबु, मुरली, भट्टाचार्य, डा. माइकल सिन्हा, एलबी सुब्बा (हालका सुब्बा डाक्टर) लगायत । शनिश्चरेमा डाक्टरहरुको कमी थिएन, तर पनि तासको जादु देखाएर उनको औषधि मनग्गे बिक्री हुन्थ्यो । ती विष्णु रिमालको घर भारतको ठाकुरगन्ज रहेछ । अहिले पनि उनको परिवार उतै छ ।

हालको नारद कोइरालाको घरअगाडि नमस्तेबाको लामो घर थियो, उहाँका छोरा कृष्ण भुजेल । उत्तरपट्टिको घरमा बाबुलाल मास्टरको मालपानीको दोकान थियो । कृष्ण भुजेल निक्कै हिरो टाइपका मानिस थिए । हामी छक्क पर्थ्यौं । त्यतिखेर कसैको बिहे र पूजामा निम्तो गर्नु पर्दैनथ्यो, मन लागेका मानिसहरु जान पाउँथे । कसैले केही भन्दैनथ्यो, बन्देज थिएन । हालको सागर साहको घर भएको स्थानमा खुलालनी आमै बस्नुहुन्थ्यो । उहाँका छोरा गोविन्द खुलाल पनि हिरो टाइपकै हुनुहुन्थ्यो । उहाँकी बहिनी हुनुहुन्थ्यो लेदिमाया दिदी । ती दिदी र हाम्रो दाइ ठाकुर शिवाकोटी अनि साथी लोकबहादुर मगरको माझमा टुइस डान्स हुन्थ्यो । हामी मज्जाले हेर्न्थौं । माइकमा गीत बज्थ्यो- 'आओ डान्स करें, जिन्दगी है यही .।'

फिल्म फेरियो, फिल्मको नाम थियो- 'दो उस्ताद ।' हिरो दुई जना थिए । एउटा थिए- शेख मुख्तार र अर्को थिए- राज कपुर । हिरोइन मधुवाला थिइन् । फिल्मको कथामा दुबैले चोरी गरेको रोल थियो । शेख मुख्तरको अनुहार हिरो देखिने गरी राम्रो थिएन । तर पनि कला र अभिनयमा उनी अब्बल थिए । राज कपुर उनीभन्दा जुनियर कलाकार थिए । यो फिल्म हेर्दा धराबासी छुटेको थियो । गोपाल भट्टराई सहित अरु धेरै साथीहरु मिलेर फिल्म हेरियो । फिल्म सादा थियो । फिल्ममा गीत धेरै भए पनि हामीलाई मन परेको गीत भने 'एडीका बक्सा, का का का बाक्सा, दुनियाँ धमका है, देखो एक पटेका ।' हिरोइन राम्री थिइन् । बजारभित्र धेरै किसिमका रुखहरु थिए । पिपल, आँप, बर, निमपत्ती, कटहर, बेलका रुखहरु थिए । दुर्गा मन्दिरभित्र जामुनको ठूलो रुख थियो । एक-दुई रुख छाडी बजारभित्रका सबै रुखका फेदहरुमा व्यापारीले दोकान लगाउँथे । शितलाको कारणले ती पसलहरु रुखका फेदमा लाग्थे । बजारभित्र हरियाली थियो । बजारमा सामान बेच्ने आआफ्नै लाइन थियो । सुर्ती, घ्यु, कपडा, सब्जी सबैका आआफ्ना लाइन । दही-चिउरा बेच्नका लागि ठेकीहरुको लाइन हुन्थ्यो । त्यो बेलामा खाजा भने पनि, खाना भने पनि दही र चिउरालाई नै उत्तम मानिन्थ्यो ।

शनिश्चरे, झापा

रेकर्ड बनाउन प्रदेशका १२ जना कलाकार सहभागी हुने



झापा (प्रस) । नेपालका कलाकार हरुले विश्व रेकर्ड बनाउन आइतबारदेखि एक सय घण्टा रिले लाइभ आर्ट डेमोष्ट्रेसन गर्ने भएका छन् ।

यसअघिको विश्व रेकर्ड तोडेर नयाँ इतिहास रच्ने लक्ष्यका साथ नेपालका ७२ जना कलाकारहरुले रिले लाइभ आर्ट डेमोष्ट्रेसन गर्ने भएका हुन् । इन्टरनेशनल वाटरकलर सोसाइटी(आइ.डब्ल्यु.एस.) नेपाल शाखाको आयोजनामा हुने रिले लाइभ आर्ट डेमोष्ट्रेसनमा प्रदेश १ का पनि १२ जना कलाकारहरु सहभागी हुनेछन् । यो कार्यक्रम आइतबार बिहान ललितकला प्रज्ञा प्रतिष्ठानको कार्यालयमा सञ्चार मन्त्री पर्वत गुरुङले उद्घाटन गर्नेछन् । लगत्तै प्रतिष्ठानका कुलपति के.के.कर्मचार्यले मन्त्री गुरुङको मुहार चित्र पोट्रेट गरेर लाइभ डेमोष्ट्रेसनको शुरुवात हुनेछ ।

आयोजक सोसाइटीका प्रदेश १ संयोजक एवं कलाकार महेन्द्र राईका अनुसार यसअघि भारतका कलाकारहरुले निरन्तर ७२ घण्टा रिले डेमोष्ट्रेसन गरेर विश्व रेकर्ड बनाएका छन् । उक्त रेकर्ड तोड्ने गरी नेपालका कलाकारहरु सय घण्टा रिले डेमोष्ट्रेसनमा जुटेका हुन् । यसको लागि सबै ७२ जना कलाकारहरुको समयतालिका तयार भइसकेको छ । आइतबार रिले डेमोष्ट्रेसनको शुरुवात भएपछि सय घण्टा पुरा नभएसम्म निरन्तर कलाकारहरुले पेन्टिङ गर्नेछन् । यसको लाइभ(प्रत्यक्ष) प्रसार सेसाइटीको फेसबुक पेजबाट हुने पनि प्रदेश १ संयोजक राईले बताए । सातै प्रदेशका कलाकार हरुले ४ दिन, ४ रात र ४ घण्टा निरन्तर पेन्टिङ गर्नेछन् ।

प्रदेश १ का दर्जन कलाकारहरु सहभागी

प्रदेश १ बाट संयोजक राईसँगै जापानमा रहेका धराने कलाकार जीवन पौडेल, अष्ट्रेलियामा रहेका बिक्रम वनेम, प्रनोद दत्त, विगेन राई, धिरज राई, काँकडभिट्टाबाट छितेन शेर्पा, बिर्तामोडबाट युवराज रिजाल, पथरीबाट सरोजा खड्गी, बेलबारीबाट शिव छाङ्छा र गणेश लामा, धनकुटाबाट डिल्ली कृष्ण आले विश्व रेकर्ड बनाउन जुट्नेछन् । 'कार्तिक २३ गते शुरु भएर २७ गतेसम्म दिन रात वाटरकलर पेन्टिङ हुन्छ, एक मिनेट पनि रोकिदैन, सबै अनलाइन लाइभ हुन्छ,'सोसाइटीका प्रदेश १ संयोजक राईले भने,'नेपाली कलाकारहरु दिनभरि, रातभरि पेन्टिङ गर्छौं ।'

गिनिज बुकसँग समन्वय

विश्व रेकर्ड बनाउने लक्ष्य लिइएको यो रिले लाइभ आर्ट डेमोष्ट्रेसनबारे आयोजक सोसाइटीले गिनिज वर्ल्ड रेकर्डस्सँग सम्पर्क गरिसकेको जनाएको छ । सोसाइटीका प्रदेश १ संयोजक राईका अनुसार गिनिज बुकले कार्यक्रम सम्पन्न भइसकेपछि आवश्यक भिडियो तथा कागजात, सामग्रीहरु पठाउन भनेको छ । 'इतिहास रच्नको लागि रिले लाइभ आर्ट हुदैछ, त्यसैले गिनिज बुक बर्ल्ड रेकर्डस्सँग कुरा भइसकेको छ, त्यहाँबाट कार्यक्रम सकेर डिटेल पठाउनु भनेको छ,'उनले भने ।

प्लाज्मा थेरापी गर्न १८ प्रहरीले गरे रक्तदान

झापा (प्रस) । कोरोना संक्रमितहरुलाई प्लाज्मा थेरापी उपचारको लागि रगत अभाव भएपछि विराटनगरमा प्रहरीहरुले सामुहिकरुपमा रक्तदान गरेका छन् । जिल्ला प्रहरी कार्यालय मोरङको आयोजनामा कोरोना पोजेटिभ भएर निको भएका १८ जना प्रहरीहरुले प्लाज्मा थेरापीको लागि रक्तदान गरेका हुन् । नेपाल रेडक्रस सोसाइटीको बिशेष आग्रहमा रक्तदान कार्यक्रम गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । रक्तदान कार्यक्रम विराटनगर १ स्थित जिल्ला प्रहरी कार्यालय परिसरमा आयोजना गरिएको थियो । कोरोना संक्रमणको उपचार, प्लाजमा थेरापी पद्धतिको लागि एन्टिबडी(रगत)को आवश्यकता परेको रेडक्रसबाट जानकारी आएपछि रक्तदान कार्यक्रम गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं डिएसपी मानबहादुर राईले जानकारी दिए । उनका अनुसार जिल्ला प्रहरी कार्यालय मोरङ र मातहतका कार्यलयमा कार्यरत कोभिड १९ पोजेटिभ भएर निको भएका १८ जनाले रक्तदान गरेका छन् । 'कोरोना संक्रमण निको भएर ४० दिन नकटेका १८ जना प्रहरी कर्मचारीहरुले रक्तदान गरे,'डिएसपी राईले भने । कोरोना संक्रमितहरु सिकिस्त भएपछि ज्यान बचाउनको लागि गरिने एक उपचार विधि हो, प्लाज्मा थेरापी । एन्टिबडीले भाइरसलाई मारेर मानिसको ज्यान बचाउने काम गर्छ । शरीरले रोग प्रतिरोधात्मक क्षमता (एन्टिबडी) उत्पादन गर्न नसकेपछि संक्रमितको स्वास्थ्य गम्भीर हुन्छ । त्यो बेला संक्रमण निको भएका व्यक्तिको शरीरमा भएको एन्टिबडी सिकिस्त अवस्थामा भएका संक्रमितलाई प्लाज्मा थेरापीमार्फत दिइने गरिन्छ । त्यसैको लागि संक्रमणमुक्त भएका व्यक्तिहरुको रगत आवश्यक परेको हो ।

देशभर चिसो बढ्यो, जुम्लाको तापक्रम माइनसमा

झापा (प्रस) । काठमाडौं उपत्यकाको तापक्रम घटेसँगै शनिबार बढी चिसो महसुस गरिएको छ । उपत्यकासहित देशभर चिसो बढेको हो । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार शनिबार काठमाडौंको न्यूनतम तापक्रम १० डिग्री सेल्सियस मापन गरिएको छ ।

शुक्रबार काठमाडौंको न्युनतम तापक्रम १० दशमलव २ डिग्री सेल्सियस थियो । शनिबार काठमाडौं उपत्यकामा यस वर्ष जाडो सुरु भएदेखिकै सबैभन्दा कम तापक्रम मापन भएको हो ।

मौसमविद् प्रतिभा मानन्धरका अनुसार अबको केहीदिन देशभर तापक्रम निरन्तर घट्दै जाने क्रममा रहेको छ । 'दिउँसो घाम लागे पनि बिहान र बेलुकी बढी चिसो हुने गरेको छ', मौसमविद् मानन्धरले भनिन्, 'केही दिन तराईमा पातलो कुइरो लाग्ने र पहाडमा लामो समय पानी नपरेकाले तुवाँलोले दृश्यता कमजोर बनाउनेछ ।'

मौसम पूर्वानुमान महाशाखाका अनुसार शनिबार काठमाडौं उपत्यकाको अधिकतम तापक्रम २४ डिग्री सेल्सियस रहनेछ । त्यस्तै शनिबार सबैभन्दा कम जुम्लाको न्युनतम तापक्रम माइनस २ डिग्रीमा झरेको छ ।

कोरोनाबाट ...

छ । त्यसैगरी दमक नगरपालिका वडा नं ८ की ४२ वर्षिया महिलाको उपचारका क्रममा विराटनगरको नोवेल हस्पिटलमा मृत्यु भएको छ । दमक ८ स्थायी ठेगाना भएपनि ती महिला मोरङको भाउन्नेमा बस्दै आएकी थिइन् । मृतक महिलाको मोरङमै अन्त्येष्टि गरिएको दमक नगरपालिकाका स्वास्थ्य शाखाका कुवेर भट्टराईले बताए । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या दमकमा २२ र झापामा ६२ पुगेको छ ।

"आज किन"सार्वजनिक

झापा (प्रस) । मेलोडी म्यूजिक ग्रुपको प्रस्तुतिमा "आज किन" बोलको गीत शुक्रबार सार्वजनिक गरिएको छ । विगत ३ वर्षदेखि सामाजिक कार्यमा योगदान पुऱ्याउँदै आएको ग्रुपले विशेषगरी नयाँ प्रतिभालाई अवसर दिदैं आएको छ । २०७४ सालमा पहिलो तीजको गीत "यसपालिको तीजमा" बोलको गीतसँगै मेलोडी म्यूजिक ग्रुप 'सांगीतिक यात्रालाई पुऱ्याउन माथी, एम.एम.जी ग्रुप नै भरपर्दो साथी' भन्ने नारा दिएर नेपाली सांगीतिक क्षेत्रमा उदाएको थियो । सोही ग्रुपले सार्वजनिक गरेको दोस्रो गीत 'आज किन' मा निमा शेर्पाको शब्द/संगीत, चर्चित गायिका मेलिना राई र थमन मगरको स्वर रहेको छ । यूट्युबबाट गायिका राईद्वारा नै विमोचन गरिएको आज किन मायाप्रेममा केन्द्रित रहेको छ । सरल शब्द र मिठासपूर्ण स्वरले भरिएको यो गीतलाई अनिलकुमार महर्जनको निर्देशनमा मोडल सुधिर श्रेष्ठ र नेहा तामाङको अभिनय रहेको छ भने कोरियोग्राफर सुजन बज्रचार्यले गरेका छन् ।

सय जनाको समुहमा रहेको ग्रुपले नयाँ प्रतिभाशाली कलाकारलाई अबसर दिने ग्रुपका अध्यक्ष प्रयास सुवेदीले बताएका छन । क्षमता भएर पनि आर्थिकलगायतका कारणले पछि परेका प्रतिभाशालीलाई उजागर गर्ने ग्रुपको मुख्य उद्देश्य रहेको पनि सुवेदीले बताए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरु:

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

कोभिड-१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

प्रतिदिन

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation
Illustration
Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

राशिफल

मेष : आज वाक्चतुर्याईंले सङ्कल्प सिद्ध हुनेछ । नयाँ र शुभ समाचार सुन्नमा आउला ।
वृष : अनुहारमा कान्ति र मनमा शान्ति छाउला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।
मिथुन : आज शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।
कर्कट : रमाइलो यात्राको योग रहेको छ । मानसम्मान र प्रशंसा प्राप्त हुने सम्भावना छ ।
सिंह : मन खिन्न हुने स्थिति आउनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहला ।
कन्या : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ ।
तुला : आज शुभकार्यको चर्चा चल्नेछ । परोपकारमा रुचि बबढ्नेछ ।
वृश्चिक : जोश जाँगर र हिम्मत वढ्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ ।
धनु : सरकारी निकाएको भय रहला । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।
मकर : समाजसेवामा मन लाग्नेछ । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
कुम्भ : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । पुनर्मिलनको योग रहेको छ ।
मीन : बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना- प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरू: इटहरी/विराटनगर : ९८४२०९२४०६, दमक : विष्णु सुब्बा ९८५२६७०१३७, चारआली : ९८४२७०३०१३, धुलाबारी : गोबिन्द घिमिरे ९८१५९५०१५०, भद्रपुर : लोकबहादुर कुँवर ९८४२६८३९९६, अर्जुनधारा : भीम बराल ९८४४६२५३३५